# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १३५ | काठमाडौं | मंगलबार, १९ भदौ २०८० | Prabhab National Daily | Tuesday, September 5, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-





एसिया कपमा नेपाल

## यात्रा टुंगियो तर मन जित्यो

भारतसँग १० विकेटको पराजित हुँदा प्रतियोगिताबाट बाहिरियो । भारतविरूद्ध उत्कृष्ट ब्याटिङ गरे पनि बलिङमा चुक्यो नेपाल ।




■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिया कपमा पहिलोपटक सहभागी नेपालको यात्रा समूहचरणबाटै टुंगिएको छ । सोमबार दोस्रो खेलमा भारतसँग १० विकेटको पराजय बेहोरेसँगै नेपाल प्रतियोगिताबाट बाहिरिएको हो । पहिलो खेलमा नेपाल पाकिस्तानसँग पराजित भएको थियो ।

प्रतियोगिताबाट बाहिरिए पनि नेपाली टोलीको प्रदर्शनले क्रिकेटप्रेमीको मन जित्न सफल भएको छ । विशेषगरी भारतसँगको खेलमा नेपालले सुधारिएको खेल प्रदर्शन गर्‍यो, जसले हारलाई नै बिर्साउने काम गरेको छ ।

नेपाली ब्याट्सम्यानहरूको बहादुरीपूर्ण ब्याटिङका साथ भारतविरुद्ध नेपालले उत्कृष्ट क्रिकेट खेलेको हो । पहिलोपटक एसिया कपमा सहभागी भएको नेपालले विश्वकै क्रिकेट महारथी मानिएको भारतसँगको पहिलो खेलमा उत्कृष्ट क्रिकेट खेल्दै पहिलो एसिया कपको सहभागिता सार्थक तुल्याएको छ ।

नेपालले ४८.२ ओभरमा २३० रन बनाउँदा आफ्ना सबै विकेट गुमाएपछि भारतलाई जितका लागि २३१ रनको लक्ष्य प्रस्तुत गरेको थियो । नेपालले दिएको २३१ रनको लक्ष्य पछ्याउने क्रममा ब्याटिङ सुरु गरेको भारतले २.१ ओभर खेल्दा वर्षाका कारण खेल रोकिएको थियो । वर्षाले लामो समय अवरुद्ध पारेपछि खेल २३ ओभरमा छोट्याइयो । त्यसपछि भारतले १४५ रनको नयाँ लक्ष्य पाएको थियो ।

(बाँकी पृष्ठ २ मा)

### राष्ट्रपतिदेखि रविसम्मको साथ

**काठमाडौं (प्रस)-** विश्व क्रिकेटका महारथीमध्येको एउटा देश भारतविरुद्ध नेपाली क्रिकेट टिमले एसिया कप क्रिकेटमा निकै सुधारिएको प्रदर्शन गरेपछि देशवासी उत्साहित छन् । खेलकुदमध्ये विश्वमा नेपालको पहिचान थप विस्तार गर्न सफल एउटैमात्र खेल क्रिकेट हो । यही खेलप्रति नेपालीहरूको क्रेज अधिक बढेको देखिएको छ । अझ सोमबार भारतविरुद्धको प्रदर्शनले त नेपालीहरू थप उत्साहित छन् ।

पहिलोपटक एसिया कप खेलेको नेपाललाई राष्ट्रपतिदेखि आमनेपालीको साथ रह्यो । जित वा हारलाई भन्दा पनि विश्व वरीयतामा शीर्षस्थानको पाकिस्तान र तेस्रो स्थानमा रहेको भारतसँग खेल्न पाउनु नै नेपालका लागि महत्त्वपूर्ण अवसर बन्यो । यो अवसरले सम्पूर्ण नेपाली क्रिकेटप्रेमीलाई उत्साहित बनाएको हो । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको दुवै खेल हेरेर नेपाली क्रिकेट टोलीलाई हौसला प्रदान गरे । राष्ट्रपतिको सचिवालयले जनाएअनुसार उनले भारतविरुद्धको खेल शितलनिवासमै बसेर हेरे । पत्नी सविताका साथ गत बुधबार पनि पाकिस्तानविरुद्ध नेपालको खेल रुचिपूर्वक हेरेका थिए । यसले राष्ट्रपति पौडेलको क्रिकेटप्रतिको क्रेज अगाध रहेको प्रस्टिने क्रिकेटप्रेमीहरूको मत छ । (बाँकी पृष्ठ २ मा)

## कांग्रेसभित्र किचलो

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचनपछि पहिलो दल बनेको नेपाली कांग्रेसभित्र फेरि किचलोको यात्रा सुरु भएको छ । झण्डै एक वर्षपछि साउनमा बसेको केन्द्रीय समितिबाट एक देखिएको कांग्रेसमा फेरि किचलो सुरु भएको हो । कांग्रेसमा असन्तुष्टहरू अहिले कोही पूर्वतिर अभियान लिएर दौडिरहेका छन् भने कोही पश्चिमतिर लाग्ने भएका छन् । कांग्रेस केन्द्रले भने आफूले सुरु गरेको अभियानलाई स्थगन गरेको छ ।

साउन १० गते सम्पन्न केन्द्रीय समिति बैठकले दुई अभियान चलाउने निर्णय गरेको थियो । जसमा पार्टीको आन्तरिक विशेष अभियान र समुदायमा कांग्रेस अभियान थियो । गत साउन २० देखि ३० गतेसम्म ७७ जिल्लामै चलेको आन्तरिक विशेष अभियान सफल भएको उल्लेख गर्दै कांग्रेसले समुदायमा कांग्रेस अभियानलाई भने स्थगित गर्‍यो । भदौ १० देखि हुने भनिएको 'समुदायमा कांग्रेस' कार्यक्रम भने कांग्रेसले स्थगित गर्‍यो । 'अविरल वर्षा, बाढीपहिरो, डेंगी तथा आँखा पाक्ने रोगबाट व्यक्ति र समुदाय नै गम्भीर रूपमा प्रभावित भएकाले हाल उनीहरूको सेवामा जुट्न सम्बन्धित तहका पार्टी संगठनहरूलाई आह्वान गर्ने र भाद्र १० देखि २४ सम्म गर्ने तय भएको 'समुदायमा कांग्रेस' कार्यक्रम अर्को निर्णय नभएसम्मका लागि स्थगन गरिएको जानकारी गराइन्छ,' कांग्रेसले विज्ञप्तिमार्फत भन्यो ।

कांग्रेसले यो बीचमा पोलिसी हचाकाथान कार्यक्रम सम्पन्न गर्‍यो । त्यसैगरी १५ गते पार्टी सभापति शेरबहादुर देउवाले नेपाली कांग्रेसले १५ वटा विभागको प्रमुख तोकेका छन् । सभापति देउवाले नेपाली कांग्रेसको विधान, २०१७ (संशोधनसहित) को धारा ३७ (१) (ग) बमोजिम उनीहरूलाई विभिन्न विभागको प्रमुखमा मनोनयन गरेका हुन् ।

केन्द्रीय कार्यसमितिको पछिल्लो बैठकले पास गरेको कार्यतालिका अनुसार विभाग गठन गर्ने समय सीमाको अन्तिम दिन देउवाले १५ विभागको प्रमुख तोकेका हुन् । विभागको जिम्मेवारी पाउनेमा कृष्णचन्द्र नेपाली पोखरेल, प्रदेश समन्वय विभाग, पुष्पा भुसाल, महिला विभाग, चीनकाजी श्रेष्ठ, उद्योग तथा व्यापार विभाग, किरण यादव, तराई-मधेस समन्वय विभाग रहेका छन् ।



यसैगरी गुरु बराल आपूर्ति तथा उपभोक्ता विभाग, नानु बास्तोला जिल्ला सम्पर्क समिति समन्वय विभाग, मदनकृष्ण श्रेष्ठ अपांगता भएका व्यक्ति र समुदाय समन्वय विभाग तथा सीता थपलिया (उर्मिला) उद्यमशीलता र साना तथा मझौला

- कांग्रेसमा असन्तुष्टहरु अहिले अभियान लिएर कोही पूर्वतिर त कोही पश्चिमतिर लागेका छन्
- 'थर्ड पोल'का रूपमा उदाएर पार्टी राजनीतिमा अस्ताउनै लागेका कृष्णप्रसाद सिटौला आफ्नो गुट ब्युँताउन फेरि जुर्मुराएका छन्
- संस्थागत रूपमा समुदायमा कांग्रेस अभियान रोकिएपछि मधु आचार्य नेतृत्वको रूपान्तरण अभियान भदौ २४ गते काभ्रे-२ बाट सुरू भई १६५ निर्वाचन क्षेत्रमा पुग्दै
- पार्टीमा देउवाले पेल्न थालेपछि पानी बराबरको अवस्थामा पुगेका शेखर र गगन मिलाउन अर्जुननरसिंह केसी सक्रिय

यसैगरी योगेन्द्र चौधरी थारु विभाग, गेहेन्द्र गिरी ज्येष्ठ नागरिक समन्वय विभाग, आङगेलु शेर्पा पर्यटन विभाग, डा. रणबहादुर रावल गैरसरकारी संस्था समन्वय विभाग, दिलमान पाखिन आदिवासी जनजाति विभाग, प्रकाश रसाइली स्नेही वैदेशिक रोजगार समन्वय तथा आप्रवासन विभाग, रंगमती शाही पिछडिएको क्षेत्र विभाग तोकिएका छन् ।

व्यवसायी विकास विभाग तोकिएका छन् । यसअघि सञ्चार विभागमा मीन विश्वकर्मा मनोनयन गरिसकिएको छ ।

कांग्रेस केन्द्रीय समितिले पछिल्लोपटक ७० वटा विभाग पारित गरेकोमा देउवाले बल्ल १६ विभागको प्रमुख मनोनयन गरेका हुन् । कांग्रेसले अहिलेसम्म कोषाध्यक्ष भने निर्वाचित गर्न सकेको छैन ।

(बाँकी पृष्ठ ३ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## पुन:एकीकरण कार्यक्रम ६८ स्थानीय तहमा सीमित

■ प्रभाव संवाददाता




**काठमाडौं–** सरकारले गत आर्थिक वर्ष २०७९/८० मा उच्च महत्त्वका साथ सञ्चालनमा ल्याएको पुन:एकीकरण कार्यक्रम ६८ स्थानीय तहमा मात्रै कार्यान्वयनमा आएको पाइएको छ । वैदेशिक रोजगारीबाट फर्केका युवालाई स्वदेशमा नै पुन: स्थापित गर्ने लक्ष्यका साथ उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । वैदेशिक रोजगार बोर्डसँग पुन:एकीकरण कार्यक्रम सञ्चालनका लागि ८१ स्थानीय तहले सम्झौता गरेका थिए । सम्झौता गरेकामध्ये ६८ स्थानीय तहले मात्रै कार्यसम्पादन गरेका हुन् ।

कार्यक्रम सञ्चालनका लागि बोर्डको आह्वानमा ८१ स्थानीय तहको प्रस्ताव स्वीकृत भएको थियो । प्रस्ताव स्वीकृत भएसँगै स्थानीय तहलाई कार्यक्रम सञ्चालनका लागि आवश्यक समन्वय र अनुदान रकमसमेत निकासा गरिएको थियो । बोर्डले कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विदेशबाट फर्किएका नेपालीहरूलाई बीउ पुँजीसहित आवश्यक उद्यमशीलता तालिमका लागि प्रतिव्यक्ति ४३ हजार रूपैयाँ विनियोजन गरेको थियो । बोर्डले पुन:एकीकरण कार्यक्रमलाई 'पाइलट प्रोजेक्ट'को रूपमा प्रस्तुत गर्दै विदेशबाट फर्किएका तीन हजार २२० जनालाई पहिलो चरणमा सहभागी गराउने बताएको थियो । यसका लागि १५ करोड रूपैयाँ छुट्याइएको थियो । लक्ष्यअनुसार कार्यक्रम कार्यान्वयन नहुँदा छुट्याइएको बजेट पूर्णरूपमा उपयोग हुन सकेन ।

'सम्झौता अनुसार हामीले कार्यक्रम सञ्चालन गर्न तोकिएबमोजिम रकम निकासा गरेका थियौं तर विविध कारण देखाउँदै १३ वटा स्थानीय तहले कार्यक्रम सञ्चालन गर्न नसकेको जानकारी दिए,' बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले भने ।

तोकिएका सबै स्थानीय तहले कार्यक्रम सञ्चालन नगरेका कारण विदेशबाट फर्किएका कति नेपाली लाभान्वित भए ? त्यसको यकीन तथ्यांक आइनसकेको उनले बताए । यद्यपि चालु आर्थिक वर्षमा पनि पुन:एकीकरण कार्यक्रम सञ्चालन गरिने कार्यकारी निर्देशक उप्रेतीले जानकारी दिए । 'गत आवमा सञ्चालित कार्यक्रमको मूल्यांकन गर्दै यस वर्ष पनि निरन्तरता दिने बोर्डले निर्णय गरेको छ,' उनले भने, 'यस वर्ष बोर्डको नीति तथा कार्यक्रम स्वीकृत भएलगत्तै कार्यक्रम सञ्चालनका लागि स्थानीय तहसँग प्रस्ताव आह्वान गरिने छ ।' उप्रेतीका अनुसार चालु आवमा पुन: एकीकरण कार्यक्रम सञ्चालन गर्न बजेटको आकार घटाउँदै १२ करोड रूपैयाँ विनियोजन गरिएको छ ।

पुन:एकीकरण कार्यक्रमले विदेशबाट फर्केका नेपालीहरूका लागि मुख्यरूपमा सामाजिकीकरण, आर्थिक सशक्तीकरण र सीप विकासमा टेवा पुग्ने बोर्डले जनाएको छ ।

(बाँकी पृष्ठ २ मा)

### साउदीमा नेपाली श्रमिकलाई साढे २९ करोड जरिवाना !

काठमाडौं (प्रस)- वैदेशिक रोजगारीको सिलसिलामा साउदी पुगेका नेपालीहरू चर्को जरिवानामा पर्ने गरेको देखिएको छ । रियादस्थित नेपाली दूतावासका अनुसार हालसम्म सम्पर्कमा आएका १७७ जना नेपाली श्रमिकले विभिन्न आरोपमा २९ करोड ५४ लाख ६० हजार रूपैयाँ जरिवाना तिनुपर्ने देखिएको हो ।

रोजगारीका क्रममा साउदी पुगेर विभिन्न प्रलोभनमा परी जरिवानामा पर्ने नेपाली श्रमिकहरूको संख्या उल्लेख्य रहेको दूतावासले जनाएको छ । यसरी जरिवानामा पर्नुको कारण काम गरिरहेको कम्पनी छोडेर भाग्नु, अवैधरूपमा सवारी चलाउनु, मदिरा कारोबार गर्नु, स्थानीय रूपमा मोबाइल सिमको गलत प्रयोग गर्नु, सामाजिक सञ्जालको गलत लाभ उठाउनुलगायत रहेको बताइएको छ । ९० प्रतिशतभन्दा बढी श्रमिक धेरै कमाउने लोभमा काम गरिरहेको कम्पनी छोडेर भाग्ने गरेका कारण जरिवानामा पर्ने गरेको दूतावासले जनाएको छ । श्रमिकहरूलाई न्यूनतम दुई हजारदेखि तीन लाख रूपैयाँसम्म जरिवाना गरिएको छ । यद्यपि नेपालमा गरिएको सम्झौता अनुसारको काम नपाउने र धेरै कमाउने लोभमा आफू कार्यरत कम्पनी छाडेर भाग्दा रोजगारदाता कम्पनीले विभिन्न बहाना गर्दै श्रमिकमाथि जरिवाना लगाउँदै आएको बताइन्छ ।

यसरी कम्पनी छोडेर अन्यन्त्र गएका र अन्य कारणले जरिवानामा परेका श्रमिकहरूलाई सम्पर्कमा आएसम्म समन्वय र सहयोग गरिरहेको दूतावासले जनाएको छ । दूतावासकै पहलमा चालु आर्थिक वर्षको सुरुआतदेखि अहिलेसम्म २८९ जना नेपालीले साउदी अध्यागमनबाट 'एक्जिट भिसा' पाएर नेपाल फर्किने वातावरण बनेको दूतावासले उल्लेख गरेको छ ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैँ निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौँ । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔँ ।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## यात्रा टुंगियो..
### पृष्ठ १ बाट जारी

उक्त लक्ष्य भारतले २०.१ ओभरमा विनाकुनै विकेट पूरा गर्दै एसिया कपको सुपर–४ मा प्रवेश गर्‍यो भने नेपाल प्रतियोगिताबाट बाहिरियो ।

वर्षाले खेल रोकिनुअघिदेखि नै उत्कृष्ट ब्याटिङ सुरु गरेका भारतीय ओपनरद्वय कप्तान रोहित शर्मा र शुभमन गिलले त्यसलाई निरन्तरता दिँदै भारतलाई जित दिलाए । भारतका दुवै ओपनरले अर्धशतक बनाएका थिए । भारतीय कप्तान रोहितले ७४ र गिलले ६७ रनको योगदान गरे ।

नेपालका सन्दीप लामिछाने महँगो साबित भए । उनले पहिलो चार ओभरमा ३९ रन दिएका थिए । त्यस्तै करण केसीले चार ओभरमा ३६ रन दिए । ललितनारायण राजवंशीले चार ओभरमा २४ रन दिए । त्यस्तै नेपालका लागि सोमपाल कामीले दुई, कुशल मल्लले तीन, दीपेन्द्रसिंह ऐरीले दुई र गुल्सन झाले एक ओभर बलिङ गरेका थिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालका लागि ओपनर ब्याट्समेनद्वय कुशल भुर्तेल र आसिफ शेखले भारतविरुद्ध उत्कृष्ट सुरुआत गरेका थिए । कुशलले दुई छक्का र चार चौकासहित २५ बलमा बिस्फोटक ३८ रन बनाएका थिए भने आशिफ शेखले उत्कृष्ट ब्याटिङ गर्दै ५८ रनको अर्धशतकीय पारी खेले । यी दुईले ९.५ ओभरमा ६५ रनको साझेदारी गर्दै पहिलो पावरप्लेमा भारतीय बलरहरूलाई दबाबमा राखेका थिए । तर, ९.५ ओभरमा कुशल आउट भएपछि नेपालले यो लयलाई अन्त्यसम्म कायम राख्न सकेन । यससँगै कुशल एकदिवसीय क्रिकेटमा एक हजार रन पूरा गर्ने अर्का नेपाली खेलाडीसमेत बनेका छन् ।

नेपाली टिमको खातामा दीपेन्द्रसिंह ऐरीले २९ रन थपे । १४४–६ को अवस्थामा नेपालको स्कोरबोर्ड रहँदा दीपेन्द्रले सोमपाल कामीसँग ५० रनको साझेदारी गर्दै नेपाललाई सम्मानजनक योगफलसम्म डोऱ्याएका थिए । सोमपाल कामीले ५६ बलमा एक चौका र दुई छक्कासहित ४८ रन जोडेका थिए । उनी अर्धशतकबाट दुई रनले चुके । सोमपाल र सन्दीपबीच ३४ रनको साझेदारी भएको थियो । सोमपाल आउट भएपछि नेपालले लगातार विकेट गुमाउँदै २३१ रनमा समेटिएको हो ।

त्यस्तै गुल्सन झाले ३५ बलमा तीन चौकासहित २३ रन थपे । नेपालका अन्य ब्याट्सम्यान प्रदर्शन भने उल्लेखनीय रहेन । आरिफ शेखको स्थानमा मौका पाएका भीमले पनि टिमको खातामा सात रन बनाए भने सन्दीप लामिछानेले नौ रन बनाए । कप्तान रोहित पौडेल पाँच रनमा आउट हुँदा कुशल मल्ल दुई रन र ललितनारायण राजवंशी शून्यमै आउट हुँदा करण केसी दुई रनमा अविजित रहे ।

भारतका रविन्द्र जडेजा र मोहम्मद सिराजले समान तीन विकेट लिए । हार्दिक पन्ड्या, शार्दुल ठाकुर र मोहम्मद सामीले समान एक विकेट लिए ।

प्रतियोगिताको पहिलो खेलमा नेपाल पाकिस्तानसँग २३८ रनले पराजित भएको थियो । भारत र पाकिस्तानबीचको खेल वर्षाका कारण रद्द हुँदा अंक बाँडेका थिए । यो समूहबाट पाकिस्तान र सुपर–४ मा पुगेका छन् । नेपाल प्रतियोगिताबाट बाहिरिए पनि विश्व क्रिकेटमाझ उत्कृष्ट छाप छोड्न सफल भएको विश्लेषकहरूको भनाइ छ ।

## राष्ट्रपतिदेखि...
### पृष्ठ १ बाट जारी

प्रधानमन्त्री पुष्पकमल दाहालले रोहित पौडेलले कप्तानी रहेको नेपाली क्रिकेट टिमलाई 'भर्चुअल' माध्यमबाट कुराकानी गर्दै पाकिस्तानसँगको प्रतिस्पर्धाअघि हौसला बढाएका थिए । उनले भनेका थिए, 'तपाईंहरूको साथमा सिंगो देश छ ।'

क्रिकेटका बलियो टेस्ट मान्यताप्राप्त दुई महारथीमध्येका देशहरू भारत-पाकिस्तानसँग प्रतिस्पर्धा गर्नुलाई नेपाली क्रिकेटका समर्थकहरू नेपालका लागि ऐतिहासिक अवसर मान्छन् । हुन पनि नेपालले एसियन क्रिकेट प्रतियोगितामा प्रतिस्पर्धा गरेको यो पहिलोपटक हो । छनोट भने यसअघि पनि भएको थियो । तर, खेल्न पाएको थिएन । कारक, भारत-पाकिस्तानको द्वन्द्व बनेको थियो । बल्लबल्ल एसियन कप खेलेपछि नेपाली समर्थकहरूको क्रिकेट क्रेज थप छरपस्ट भएको हो ।

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले त सोमबार नेपाल-भारतबीचको खेल हेर्दै अनुमानसहितको उत्सुकता प्रकट गरे । 'के नेपालले भारतलाई २२९ (रन)मा रोक्न सक्ला ?,' उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'हाम्रो बलिङ त पहिलेदेखि नै राम्रै हो क्यार !' नेपालले भारतविरुद्ध ४८.२ ओभरमा सबै विकेट गुमाएर २३० रन बनाएर २३१ रनको चुनौती दियो । जवाफी ब्याटिङमा मैदान उत्रिएको अवस्थामा वर्षाका कारण खेल रोकियो । खेल रोकिनुअघि भारतले २.१ ओभरमा विना विकेटको क्षति १७ रान बनाएको थियो ।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले नेपाल-भारतबीचको खेल हुनुअघि नै सामाजिक सञ्जाल फेसबुकमार्फत भनेका थिए, 'पूरै ५० ओभर क्रिजमा टिक्ने कोसिस गरौं । पूरै देश र जनता तपाईंहरूको साथमा छ ।'

देशका विशिष्ट पदाधिकारीहरूले समेत बढाएको यस्तो हौसलाबीच नेपाली क्रिकेट टिमले पाकिस्तानभन्दा भारतविरुद्ध शानदार ब्याटिङ गरेको हो । बलिङमा भने पुरानो लय देखिएन । नेपाली क्रिकेट टिमका पूर्वकप्तान पारस खड्काका अनुसार नेपाली क्रिकेटहरूको भारतविरुद्धको प्रदर्शन सम्झनालायक थियो । उनले अर्धशतक बनाएका आशिफ शेखको प्रशंसा नै गरे । फेसबुकमा उनले लेखेका छन्, 'ब्रिलियन्ट ५० आशिफ शेख । निड टु किप बिल्डिङ ।'

थप दुई रन जोड्न नसक्दा सोमपाल कामी अर्धशतक बनाउनबाट चुके । अन्य खेलाडीको पनि पाकिस्तानसँगको खेलको तुलनामा सुधारिएको प्रदर्शन थियो । नेपाली खेलाडीहरूलाई हौसला दिन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापतिसमेत रहेका सांसद रवि लामिछाने, राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङलगायत थुप्रै नेपालीहरू श्रीलंकामा पुगेका छन् ।

## पुन:एकीकरण ...
### पृष्ठ १ बाट जारी

कार्यक्रम सञ्चालनकै लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन:एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ जारी गरेको छ । पछिल्लो समय वैदेशिक रोजगारीमा जानेहरू उल्लेख्यरूपमा बढेसँगै श्रम गन्तव्यमा समस्या पर्ने, बिरामी हुने, अंगभंग हुने नेपालीहरूको संख्यासमेत बढ्दै गइरहेकोले उनीहरूलाई समाजमा एकीकरण र पुन:स्थापना गरी स्वरोजगार बनाउने उद्देश्यका साथ कार्यक्रम सञ्चालनमा ल्याइएको बोर्डले उल्लेख गरेको छ ।

यस्तै पुन:एकीकरण कार्यक्रम सञ्चालनका लागि विदेशबाट फर्किएका नेपालीहरूको यकीन तथ्यांक संकलन गर्ने कार्यलाई पनि अघि बढाइएको कार्यकारी निर्देशक उप्रेतीले बताए । उनका अनुसार तथ्यांक संकलनको जिम्मेवारी स्थानीय तहलाई दिइएको छ भने उद्यमशीलता प्रवर्द्धन तथा सामाजिक पुन:स्थापनाका लागि स्थानीय तह आफैंले पनि उक्त कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।


# ओमानमा रोजगारको अवसर

**Geo Solutions Engineering** Oman, Al Khuwair- Bousher

पूर्व स्वीकृति मिति:२०२३/०९/०४ पत्र संख्या: ०८०/८१ चलानी नं.: ६०२०७२०३ LT No. 292007

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | सुविधा खाने | सुविधा बस्ने | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Mine Drill Operator | 10 | [illegible] | 300 | १०३०७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | Mine Worker General | 10 | | 120 | ४१२२९ | | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले ब्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| नि:शुल्क | कामदार आफै | दिने क. नि. अनुसार | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला। (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को (१) एक प्रति आफुसंग राख्नुहोला। (६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला। छनौट भइ भिषा प्राप्त गरीसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ । **कुल लागत खर्च: १०,०००।-**

**फाइनल अन्तर्वार्ता २०८० भाद्र २६ गते (Sept. 12, 2023) कम्पनीको कार्यालयमा हुनेछ ।**

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.**
गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ,
फोन: ४१११५६०, फ्याक्स: ४१११६२३ Email: ars@arabrecruiting.com
श्रम इजाजत पत्र नं. ७३/०५२/०५३



# युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **EMPOWER EMPLOYMENT SERVICES L.L.C.**

पूर्व स्वीकृति मिति : २०८०/०२/२५ पून विज्ञापन स्वीकृति मिति २०८०/०५/१८ LT. No. 287435 चलानी नं. ६०२०२८४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Laborer | 50 | 0 | 900 | ३२,३६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter Assistant | 50 | 0 | 1200 | ४३,१५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २६ गते (12th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jassim Trading And Services Pvt. Ltd.**
Govt. License No: 332/059/060
G.P.O Box : 8974, Airport Road, Kathmandu, Nepal
Tel.: 01-4568845, 9805678135, 9805678136
Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०५/०२ पुन: विज्ञापन स्वीकृति मिति २०८०/०५/१८ LT. No. 269821 चलानी नं. ६०१८५६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pipe Compositor | 20 | 0 | 1500 | ५३,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २६ गते (12th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GOLD COLD TRANSPORT SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/०५/१७ LT. No. 291981 चलानी नं. ६०२०७१३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Goods And Labor Transportation Workers | 166 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २६ गते (12th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



# कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MODISH UNITED READYMADE CLOTHS COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०८/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१८ LT. No. 277357 चलानी नं. ६०१९२९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Women's Cloth Saler/ Sales Girl | 0 | 17 | 135 | ६०,६८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 0 | 3 | 90 | ३०,३४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २६ गते (12th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **JOUD COMPANY FO RESTAURANT & FOOD LTD. (ONE PERSON CO.)**

पूर्व स्वीकृति मिति २०७९/०९/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१८ LT. No. 278588 चलानी नं. ६०१९४०७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 1500 | ५२,९१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Utensil Cleaning Labor | 3 | 0 | 1000 | ३५,२७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २६ गते (12th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.**
श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ABDUL MAJEED ABDUL RAHMAN AL JERAISY RECRUITMENT COMPANY BRANCH**

पूर्व स्वीकृति मिति २०७८/१२/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१८ LT. No. 258720 चलानी नं. ६०१५३१२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 62 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **PRIVATE LIMITED COMPANY ONE PERSON COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०७/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१८ LT. No. 274664 चलानी नं. ६०१९०३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning | 2 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २६ गते (12th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



# युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Berkeley services U A E (LLC)**

पूर्व स्वीकृति मिति २०८०/०५/१७ LT. No. 291973 चलानी नं. ६०२०७१४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 150 | 800 | २९,०२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Male Cleaner | 300 | 0 | 800 | २९,०२० | | | | | | | |
| 3 | Male Security Guard | 50 | 0 | 1200 | ४३,५२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान र मिति:** Asia Party Palace Milanchowk-06, Sub-Metropolitan, Rupandehi, Butwal, मा भाद्र २६ गते (12th Sep. 2023) & Head Office, Metropolitan City, Kathmandu भाद्र २७ गते (13th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Proficient Employment Services Pvt.Ltd**
श्रम ईजाजत नं. १५८२/०७९/८०
KMC-26, Samakhushi, KTM, Contact: 977-5918725/4970500/4970600



# साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: **SRACO HUMAN RESOURCES BRANCH**

पूर्व स्वीकृति मिति २०७९/१०/२२ LT. No.280562 चलानी नं. ६०१९६०७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 47 | 0 | 1000 | ३५५१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान:**
होटल इन टुरिसट इटहरी सुनसरी, मिति: २०८० भदौ २९ गते (15th Sep. 2023) मा हुनेछ ।
पिटीआई ट्रेडिङ सेन्टर, जनकपुर धनुषा मिति: २०८० भदौ ३० गते (16th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LIGENCE SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/०६ पुन: विज्ञापन स्वीकृति मिति २०८०/०५/१८ LT. No. 270078 चलानी नं. ६०१८५९८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २६ गते (12th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## कांग्रेसभित्र...

पृष्ठ १ बाट जारी

### बिपी साहित्य महोत्सव आयोजना गर्दै

कांग्रेसले पार्टीको संस्थापक नेता बिपी कोइरालाको जन्मजयन्तीको अवसर पारेर बिपी साहित्य महोत्सव, २०८० गर्दै छ । भदौ २४ गते परेको बिपीको ११० औं जन्मजयन्तीको अवसर पारेर बिपी साहित्य महोत्सव, २०८० गर्न लागेको हो । कांग्रेस केन्द्रीय कार्यालयको आयोजना र नेपाली लेखक संघको संयोजनमा भदौ २४, २५ र २६ गते कांग्रेस केन्द्रिय कार्यालय सानेपा, ललितपुरमा हुने प्रचार विभाग प्रमुख मीन विश्वकर्माले जानकारी दिए ।

### रूपान्तरणको अर्कै अभियान

केन्द्रीय समितिको निर्णयअनुसार तय भएको अभियान रद्द भएपछि कांग्रेस रूपान्तरण अभियानले दुई महिने कार्यक्रमको घोषणा गरेको छ। रूपान्तरण अभियानले भदौ २४ गते बिपी जन्म जयन्तीदेखि कात्तिक २४ गते लौह पुरुष गणेशमान जन्मजयन्तीसम्म दुई महिने रूपान्तरण अभियान कार्यक्रम घोषणा गरेको हो । अभियान दुई महिनामा १६५ निर्वाचन क्षेत्र पुग्ने अभियानका अगुवा मधु आचार्यले बताए । उनका अनुसार अभियान भदौ २४ गते काभ्रे-२ बाट सुरु हुनेछ ।

अभियानका क्रममा पार्टीको आन्तरिक अवस्था, मुलुकको राजनीतिक अवस्था, कांग्रेससहित सबै दलहरूको सम्बन्धित क्षेत्रको अवस्था, तीनै तहका सरकारले गरिरहेका कामको बारेमा बृहत् छलफल हुने उनले सुनाए । यसअघि पनि यथास्थितिमा पार्टी चल्न नसक्ने भन्दै प्रदेशका केन्द्रहरूमा पुगेको अभियान पूर्वको विराटनगर पुगेर टुंगिएको थियो । अभियानमा आचार्यसहित गुरुराज घिमिरे, भुपेन्द्रजंग शाही, प्रा.डा. गोविन्दराज पोखरेललगायत नेताहरू रहेका छन् ।

### सिटौलाको छुट्टै अभियान

कांग्रेसमा 'थर्ड पोल'का रूपमा उदाएर अस्ताउनै लागेका कृष्ण सिटौला आफ्नो गुट ब्युँताउन फेरि जुर्मुराएका छन् । अहिले उनी सहमहामन्त्री उमाकान्त चौधरी, भीमसेनदास प्रधान, कुन्दन काफ्ले, भूपेन्द्र राईलगायत लिएर प्रदेश दौडमा छन् । बोलेर खासै उभो नलागेपछि मौन बस्न थालेका सिटौला पछिल्लो अभियानका कार्यक्रममा प्रमुख अतिथि बने पनि बोल्दैनन् । दर्शकका रूपमा समय कटाउने उनको यो अभियानलाई टक सेन्टर नामक संस्थाले सञ्चालन गरिरहेको छ ।

साउन २१ गते काठमाडौंको राष्ट्रिय सभागृहबाट थालेको यो कार्यक्रम कोशीको विराटनगर हुँदै गण्डकीको पोखरा पुगिसकेको छ । संविधान कार्यान्वयन आफ्नो प्रमुख एजेण्डा भएको सिटौला बताउँछन् । १३औं महाधिवेशनमा गगन थापालाई महामन्त्रीमा अघि बढाएर 'थर्ड पोल'का रूपमा उदाएका सिटौलालाई १४औं महाधिवेशनमा साथ दिने कोही भएन । त्यसपछि प्रदीप पौडेललाई काखी च्यापेर देउवा गुटबाट महामन्त्रीको उम्मेदवार बनाए पनि सांसद जितेपछि उनी पनि सिटौलाको साथमा रहेनन् । यस्तो बेलामा सिटौलाले आफ्नो गुट 'रिभाइभ' गर्न अभियान थालेको बताइन्छ ।

### शेखर-गगनको आफ्नै पीडा

कांग्रेसमा संस्थापनइतरको पगरी डा. शेखर कोइरालाले भिरेका छन् । तर कोइराला पछिल्लो समय देउवाको मौन समर्थनमा छन् । कोशी सरकारमा एमालेको मुद्दामा लागेका कोइरालाले देउवाबाट भागशान्ति पाएकाले चुपचाप रहेको बताइन्छ । यता गगनले भने छेउकुना भाग नपाएपछि छटपटिएका छन् । संसदीय दलमा शेखरलाई कुनै मौका नदिएपछि अहिले शेखर र गगनका पानी बराबर छ । तर पनि दुई जनालाई मिलाउन अर्जुननरसिंह केसी लागिपरेका छन् । आइतबारमात्र केसीनिवास इटालीटारमा गगन, अर्का महामन्त्री विश्वप्रकाश शर्मा र प्रदीप पौडेललाई सँगै राखेर केसीले शेखरसँग मिल्न दबाब दिएका छन् । शेखरलाई निम्ता भए पनि उनी केसीनिवासमा पुगेनन् ।

अबको नेतृत्वमा डा. शशांक कोइरालालाई त्याउने हल्ला फैलिएपछि शेखर गगन एक भएर देउवाविरुद्ध जानुपर्ने मत उनीहरूले प्रकट गरेको छलफलमा सहभागी एक नेताले बताए । गगनले केन्द्रीय समिति बैठकअघि आफू जसरी पनि संसदीय दलको नेता परिवर्तन गररै छाड्ने उद्घोष गरेका थिए । यद्यपि केन्द्रीय समिति बैठकपछि थच्चिएका उनी पुनः जुर्मुरिन थालेका हुन् । पछिल्लोपटक संसदीय समितिको सभापतिमासमेत शेखर गगन समूहले दाबी गरेकोमा देउवाले उनीहरूको माग सम्बोधन नगरेपछि रुष्ट रहेको बताइन्छ । यही असन्तुष्टि पोख्न गगन समूह फेरि कम्मर कसेर लागेको उनी पक्षीय नेता बताउँछन् ।

### श्री पञ्चमहालक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. को सूचना

(प्रकाशित मितिः २०८०/०५/१९)

यस संस्थावाट ऋण लिनुभएका सदस्यहरुलाई ऋण सम्झौताको शर्त बमोजिम बुझाउनु पर्ने साँवा तथा व्याज तोकिएको समय भित्रै चुक्ता भुक्तान गर्नुहुन हार्दिक अनुरोध गरिन्छ । साथै विगतमा यस संस्थासंग आवद्ध भई बचत तथा ऋणको कारोवार गरी हाल निष्क्रिय रहनुभएका सदस्यहरुले नियमित कारोवार गर्न वा आफ्नो खातामा रहेको रकम फिर्ता लिन चाहनुभएमा आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**श्री पञ्चमहालक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
का.म.न.पा. वडा नं. १६, वनस्थली, काठमाडौं । **सम्पर्क नं.**: ०१ ४९५०११४

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०५/१९ गते)

बेखा डंगोल गोफलको नाति मचा भाई डंगोलको छोरा, नानी हेरा डंगोलको पति काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २१ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ल.म.न.पा. वडा नं. २, सानेपा बस्ने आशा काजिको मिति २०७८/०२/१२ मा मृत्यु भएकोले निजको नाम सहीत उल्लेखित साथीहरुको संयुक्त खाता श्री आशा काजी, जीवन काजी र शैलेस महर्जनको यस बैंकको टेकु शाखा कार्यालयमा रहेको बचत खाता नं. २३६०२४३७२५९००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निजको साथी जीवन काजी डंगोलले यस बैंकको टेकु शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय टेकु, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय टेकु, काठमाण्डौं फोन नं. ०१-५३१५३१२/२८१४**

### माइग्रेसन हराएको सूचना

मितिः २०८०/०५/०५ गते बालाजुदेखि महाराजगन्जसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **+2** को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सरिता थिङ**
**रजिस्ट्रेसन.नं.: ६५७६४०१९५**
**सिम्बोल.नं.: २७६४०१६५**
**ठेगाना.: काठमाडौं**
**सम्पर्कः ९८६९५३८५९०**

### माईग्रेसन हराएको सूचना

मितिः २०८०/०३/२० गते घण्टाघर, त्रिचन्द्रदेखि दरबारमार्गसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **+2** को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सुशिला मल्ल**
**रजिस्ट्रेसन.नं.: १५४०४११५**
**सिम्बोल.नं.: ६६५४०४११७**
**ठेगाना.: काठमाडौं**
**सम्पर्कः ९८०११९२७०३**


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORKFOCE DECORATION
पूर्व स्वीकृति मिति : २०८०/०२/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१८ LT. No. 287255 चलानी नं : ६०२०२६०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 8 | 0 | 2500 | ९१००९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | INTERVIEW DESIGN | 5 | 0 | 3000 | १०९२११ | | | | | | | |
| 3 | SUPERVISIOR | 8 | 0 | 2500 | ९१००९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २६ गते (12th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np
श्रम ईजाजत नं. १३०२/०७४/०७५

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NSC PLASTIC PRODUCTS & ENGINEERING SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०५/१८ LT. No. 291677 चलानी नं. ६०२०७१८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ME TECHNOLOGY SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०५/१७ LT. No. 291887 चलानी नं. ६०२०७१७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २६ गते (12th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054401, 9765229376
श्रम ईजाजत नं. ६१३/०६२/०६३

## मलेसियामा वैदेशिक रोजगारको अवसर

सच्याइएको

कम्पनी : FIRST FLAMES SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०४/२२ पून स्वीकृति मिति २०८०/०५/१७ LT. No. 290568 चलानी नं. ६०२०५८१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MEHANDI OVERSEAS PVT. LTD.**
Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com
श्रम ईजाजत नं. ११५७/०७३/०७४

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAAD ABDULLAH ABDULAZIZ AL-MADHI LAND TRANSPORTATION
पुर्व स्वीकृति मिति २०८०/०३/१३ पुनः विज्ञापन स्वीकृति मिति २०८०/०५/१८ LT. No. 288449 चलानी नं. ६०२०३९५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ROBOU AL-SAMMAN FACTORY FOR READY MIX CONCRETE
पुर्व स्वीकृति मिति २०८०/०४/२४ पुनः विज्ञापन स्वीकृति मिति २०८०/०५/१८ LT. No. 290580 चलानी नं. ६०२०५८५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,४०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 1 | 0 | 1000 | ३५,३८० | | | | | | | |

कम्पनी : IMPRINT AL-KHAIR FOUNDATION TO PROVIDE MEALS
पुर्व स्वीकृति मिति २०८०/०५/१८ पुनः विज्ञापन स्वीकृति मिति २०८०/०५/१८ LT. No. 291866 चलानी नं. ६०२०७१७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 2 | 0 | 1000 | ३५,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २६ गते (12th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np
श्रम ईजाजत नं. १८५/०५७/०५८

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JSC SECURITY SERVICES SDN.BHD.
पूर्व स्वीकृति मिति : २०७९/१२/२४ पून स्वीकृति मिति : २०८०/०५/१८ LT. No. 284215 चलानी नं. ६०१९९७११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 32 | 0 | 1000 | २८६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SBH PERAK AGRO AQUACULTURE SDN. BHD.
पूर्व स्वीकृति मिति : २०७९/१०/१७ पून स्वीकृति मिति : २०८०/०५/१८ LT. No. 280304 चलानी नं. ६०१९५५७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव MR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aquaculture Workers | 7 | 0 | 1500 | ४२९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २६ गते (12th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.**
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046
श्रम ईजाजत नं. ४६५/०६०/०६१

## कतार/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CORE CLEANING AND CONTRACTING
पूर्व स्वीकृति मिति २०८०/०४/१० पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१८ LT. No. 289900 चलानी नं. ६०२०५२११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Data Analyzer | 5 | 0 | 2700 | ९७,८०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 3 | General Clean Worker | 7 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 4 | Labour | 12 | 0 | 1000 | ३६,३०० | | | | | | | |

कम्पनी : LALIGURANS WEDDING ORGANIZING COMPANY
पूर्व स्वीकृति मिति २०८०/०५/04 पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१८ LT. No. 291319 चलानी नं. ६०२०६५१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 2 | 800 | २८,९३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/Waitress | 16 | 2 | 1200 | ४३,३९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २६ गते (12th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com
श्रम ईजाजत नं. १२२४/०७४/०७५

## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YEOK SEH POULTRY INDUSTRY SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०६/०२ पून विज्ञापन स्वीकृति मिति २०८०/०५/१८ LT. No. 275840 चलानी नं. ६०१९१६०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 30 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GOOD HOLIDAYS COMPANY
पूर्व स्वीकृति मिति २०८०/०१/२६ पून विज्ञापन स्वीकृति मिति २०८०/०५/१८ LT. No. 285782 चलानी नं. ६०२०१३५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Labor | 5 | 0 | 1200 | ४२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २६ गते (12th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Gandaki Gurkhas Pvt. Ltd.**
New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024
श्रम ईजाजत नं. ६३०/०६३/०६४

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAJALAT STEEL COMPANT TRADE AND INDUSTRY
पुर्व स्वीकृति मिति:२०८०/०५/१८ LT. No. 292056 चलानी नं. ६०२०७२५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING WORKER | 3 | 0 | 1300 | ४६१७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : QAWAED ALESKAN GENERAL CONTRACTING COMPANY
पुर्व स्वीकृति मिति:२०८०/०५/१८ LT. No. 292057 चलानी नं. ६०२०७२५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 15 | 0 | 1800 | ६३९३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २५ गते (11th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**G.R. Manpower Service Pvt. Ltd.**
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com
श्रम ईजाजत नं. ८६१/०६६/०६७

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## हुँदाहुँदा हेलो सरकारको उद्घाटन

प्रधानमन्त्रीदेखि प्रदेशका मन्त्रीहरु अहिले कामविहीन छन् । यसको मुख्य दोष बजेटलाई दिने गरेका छन् नेतृत्वमा बस्नेहरूले । प्रधानमन्त्री पुष्पकमल दाहाल कामविहीन बनेपछि अस्पतालको आइसियूदेखि रियालिटी शो उद्घाटनसम्म पुग्न थालेका छन् । यतिमात्र हैन ध `रै फुर्सदिला बनेका दाहाल समाजवादी मोर्चाका कार्यक्रमतिर पनि रल्लिन थालेका छन् । प्रधानमन्त्री नै फुर्सदमा भएपछि अरू मन्त्रीलाई हाइसञ्चो । विनाकाम र विनाउद्देश्य प्रधानमन्त्री दाहाल भारत भ्रमण सकाइसकेका छन् । अब अमेरिका हुँदै चीन पुगेर फर्कने तयारीमा रहेका उनको विवादमा आउने विषय त्यही चीनले जारी गरेको बुच्चे नक्सामा हुनेछ ।

यसरी कामविहीन बनेका दाहालले हुँदाहुँदा 'हेलो सरकार'को पनि उद्घाटन गर्न भ्याएका छन् । डा. बाबुराम भट्टराईको पालामा १२ वर्षअघि सुरू भएको हेलो सरकार जनताले भुलिसकेका थिए । अहिले यही कार्यक्रमलाई प्रधानमन्त्री दाहालले पुनः प्रधानमन्त्रीकै भाषामा 'शुभारम्भ' गरेका हुन् । बिर्सिसकेको सेवालाई तीन सिफ्टमा विस्तारित एवं सञ्चालन कार्य कुनै नौलो काम होइन । तर ढोल बजाएर प्रधानमन्त्रीले यो काम थाले । सायद जनताले समस्या सुनाएनन्, जनता निदाए भनेर होला । समारोह नै रूपमा परिणत नेपाल सरकारका मुख्यसचिव, सचिवहरु, विभागीय प्रमुखहरु, मन्त्रालय तथा केन्द्रीय निकायका गुनासो सुन्ने अधिकृत, हेलो सरकार कक्षमा कार्यरत कर्मचारी सहभागी थिए । उक्त होहल्ला समारोहमा दाहालले जनताका समस्यालाई गम्भीरतापूर्वक लिई समाधान गर्न निर्देशन दिए ।

अझ प्रधानमन्त्री दाहालले जनताको समस्याको उचित सम्बोधन हुन नसके जनता र सरकारबीचको दूरी बढ्दै जाने, राज्य र व्यवस्थाप्रति आमजनताको निराशा र असन्तुष्टि चुलिँदै जाने भएकाले हेलो सरकारलाई थप प्रभावकारी बनाउन खोजिएको बताए ।

'हेलो सरकार' २४सै घण्टा सञ्चालनका लागि नेपाल सरकारका तीन जना उपसचिवसहित २५ जना कर्मचारी खटाइएको छ । यसअघि नेपाल टेलिकमबाट मात्र सेवा प्रवाह भएको भन्दै विस्तारित गरिएसँगै एनसेल मोबाइल, फोन, इमेल, फेसबुक, ट्वीटर, पोर्टल, भाइबर, ह्वाट्सएपलगायतका डिजिटल माध्यमबाट गुनासो टिपाउन सकिने व्यस्थासमेत गरेको प्रधानमन्त्री कार्यालयले जनायो । टेलिकमबाट गुनासो कम लिन मिल्ने भनेर हो कि दिउँसै रात पार्ने गरी फोन, इमेल, फेसबुकलगायतको डिजिटल माध्यमको व्यवस्था गरेको सरकारको हेलो सरकार आफैं समस्यामा परेको जनतालाई थाहै छैन । कर्मचारीले सूचना सही समयमा नदिने, कार्यान्वयनमा ढिलासुस्ती हुने प्रवृत्ति पुरानै हो । नसुनी दिने सरकारको के आशा र ? यस्तो अवस्थामा हेलो सरकारलाई फेरि उद्घाटन गर्नु आफैंमा हास्यास्पद भएन र ?

### भूलसुधार

सोमबार (१८ भदौ २०८०) यस दैनिकको यसै पृष्ठमा प्रकाशित 'प्रमुख पार्टीका आरोह अवरोह' शीर्षकको लेखमा लेखकको नाम सनत गिरी हुनुपर्नेमा भूलबस अन्यथा हुन गएकोले सच्याइएको छ । यसबाट लेखक र पाठकहरूमा पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दछौं । सं.

### मनन्योग्य

### चाणक्य नीति

त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइरहेछन् । चन्द्रगुप्तको कुरा मुखबाट निक्लिदै नागरिक आइलाग्छन् । सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए । चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे । धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ । छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।'ध


यो आदेश पाएर त्रिनेत्र हिंडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको भ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।' एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।' *क्रमशः*

# चीन भ्रमणमा नेपालका एजेण्डा



▶▶ एकराज पाठक

प्रधानमन्त्री पुष्पकमल दाहालले आगामी असोजको पहिलो साता गर्न लाग्नुभएको चीन भ्रमणमा नेपालले के एजेण्डा अघि सार्ने भन्ने विषयमा नेपालमा चासो र चर्चा सुरु भएको छ । विश्व अर्थतन्त्रको गणनामा विशेष स्थान हासिल गरिरहेका नेपालको उत्तर र दक्षिणका दुई छिमेकी मुलुकमा नेपालका प्रधानमन्त्री जाँदा चासो र चर्चा हुनु स्वाभाविकै हो ।

चीन नेपालको छिमेकी मात्र नभई नेपालको विकासका धेरै क्षेत्रसँग जोडिएको छ । नेपाल-चीन आर्थिक, सांस्कृतिक एवं ऐतिहासिक सम्बन्ध अहिले झन् महत्त्वका साथ अघि बढेको छ । त्यसैले यतिखेर प्रधानमन्त्री दाहालले गर्ने चीन भ्रमणमा पनि नेपाल र चीनबीचको सम्बन्धको सेतूमा आर्थिक र सांस्कृतिक विषय नै उठ्ने हुन् । नेपालको विकासका लागि चीनले गर्दै आएको सहयोग र पूर्वाधार निर्माणका कुरा यसमा जोडिन्छन् र अहिले त्यसमा बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) परियोजनाको विषय थपिने देखिएको छ ।

यस विषयमा नेपाली जानकारका बीचमा कुराकानी हुनु जरुरी छ र नेपालका कूटनीतिज्ञले नेपाल सरकारलाई सुझाउन आवश्यक छ । नेपालले बिआरआई परियोजनामा हस्ताक्षर गरेको छ वर्ष पुगिसकेको छ । यसअघि प्रधानमन्त्री दाहाल दोस्रोपटक मुलुकको प्रधानमन्त्री भएका बेला सन् २०१७ को मेमा सो परियोजनामा नेपालले हस्ताक्षर गरेको थियो । खासगरी सडक सञ्जाल र अन्य भौतिक पूर्वाधारका विषयलाई प्राथमिकतामा राखेर चिनियाँ वर्तमान राष्ट्रपति सि चिनफिङले सन् २०१३ बाट विश्व परियोजनाका रूपमा चीनले अघि बढाएको यो आयोजनामा नेपालले पनि निकै चासो र चर्चाका साथ हस्ताक्षर गरेको हो ।

यसअन्तर्गत नेपालले यहाँका सडक, पूर्वाधार र अन्य विकास आयोजनाको निर्माणमा सहयोग अपेक्षा गरेको छ । त्यसैले नेपालले यसअन्तर्गत गर्ने विभिन्न ३५ वटा परियोजनाको सूची प्रस्ताव गरेकामा चीनले नै नौ वटामा सहमति जनाएको थियो । सुरुङ तथा रेलमार्ग र अन्य विकास आयोजनालाई ती नौ आयोजनामा राखेर चीनले निर्माणको सहमति जनाएको हो । तर आजका दिनसम्म पनि यस आयोजनाबाट अघि बढाइने भनिएका परियोजनाको अर्थपूर्ण सुरुआत गर्न सकिएको अवस्था छैन । ती परियोजना नेपालमा कुनै न कुनै रूपमा सञ्चालनमा आएका र आउने तयारीमा रहेका भए पनि तिनलाई बिआरआई परियोजनाको 'फ्रेमवर्क' भित्रै राखिएको भने छैन । त्यसैले यस विषयको थप स्पष्टता एवं परियोजनाको कार्यान्वयन योजनाका लागि पनि प्रधानमन्त्री दाहालको चीन भ्रमण थप महत्त्वको छ ।

पछिल्ला दशकतिर चीनलाई चियाएर हेर्दा पूर्वाधार निर्माण र विकासको गतिलाई चीनले झन्भन्दा झन् द्रुत बनाएको छ । यो असाधारण उपलब्धिलाई हामीले पनि चीनसँगको बिआरआई सम्झौतासँग जोड्न सक्छौं कि ? अर्थात् बिरआरआई परियोजना कार्यान्वयन गर्न सक्दा हामीले पनि यसैबाट नेपालमा पूर्वाधार निर्माणको लाभ कसरी लिन सक्छौं ? प्रधानमन्त्रीको आसन्न भ्रमणमा बनाउनुपर्ने यो मुख्य एजेण्डा हो ।

पछिल्लो समय चीनले गरिबी उन्मूलन कार्यक्रमलाई सशक्तरूपमा अघि बढाएको छ । हुनत विश्व अहिले पनि कोभिड महामारीपछिको अवस्था (पोस्ट कोभिड पिरियड) मा छ तर सन् २०२० को अन्त्यतिरै चीनले करिब ८४ लाख चिनियाँलाई चरम गरिबीबाट माथि उकासेको प्रगति सार्वजनिक गरेको थियो । चीनले देशमा गरिबी निवारणको एजेण्डालाई सशक्त कार्यान्वयनमा ल्याएको छ । चिनियाँ राष्ट्रपति चिनफिङले सन् २०१४ मा चीनमा गरिबी निवारणको एजेण्डा अघि सारेर त्यसमा लाग्न सबै सरकारी निकाय र तिनका नीति तथा कार्यक्रमलाई निर्देशन दिनुभएको थियो ।

यो तथ्यांकअनुसार चीनको गरिबीविरुद्धको लडाइँ विश्वका अरु देशका लागि पनि महत्त्वपूर्ण उदाहरण हुनसक्छ । नेपालजस्ता छिमेकीका लागि त यो एउटा गतिलो सिकाइ हुनसक्छ । किनभने, चीनले लिएको यो गरिबी निवारण कार्यक्रमको आधार भनेको कृषि हो । देशमा गरिबी घटाउन र हटाउनका लागि उनीहरूले कृषिमा लगानी बढाएका र महत्त्व दिएका छन् । कोरोना महामारीअघि र त्यसपछि पनि चिनियाँ कृषिउपज र त्यसको निर्यातमा ध्यान दिएका छन् । अन्न उत्पादनको यो अभियानबाट नेपालले केही ग्रहण गर्न सक्दा हामीजस्ता झण्डै कृषिप्रधान देशलाई फाइदा पुग्ने निश्चित छ ।

चीनले आगामी सन् २०३० को दशकलाई खाद्य सुरक्षास्तरमा उक्लिने उद्देश्य लिएको छ । खाद्य सुरक्षाका दृष्टिले विश्वको सुरक्षित देशको सूचीमा दर्ज हुने लक्ष्य चीनको छ । यसकारण पनि उनीहरू खाद्य सुरक्षा नीतिलाई अघि सारेका छन् । चीनको कृषि क्रान्तिबाट नेपालले पनि सिक्नुपर्ने बेला आएको छ । यसका लागि चीनबाट हामीले आर्थिक, प्राविधिक या वैज्ञानिक के तरिका या अनुशरण गर्ने ? परम्परागत कृषि प्रणालीमै रहिरहेका हामीहरूले यो शताब्दीमा कृषि प्रणालीको चिनियाँ मोडलका लागि के सहयोग लिने ? त्यो तयारी हामीले गर्नुपर्छ ।

नेपालको छिमेकी देश भएकाले नेपाल-चीन सम्बन्धमा समृद्धिको बाटो दुई देशबीचको नाकाको पनि हो । अहिले तातोपानी र केरुङ नाकाबाट आवतजावत भइरहेको छ । भूकम्पपछि स्थगित तातोपानी नाका आजका दिनसम्म आइपुग्दा बल्ल पूर्णरूपमा सक्रिय भएको छ । वि.सं. २०७२ को भूकम्पपछि नेपाल-चीनबीचको सो नाका पूर्णरूपमा बन्द भयो । त्यसको केहीपछि मात्र सीमितरूपमा सञ्चालन भएको नाका वि.सं. २०७६ फागुनमा विश्वव्यापीरूपमा कोरोना महामारी फैलिएपछि नाका पुनः बन्द भएको थियो ।

यो नाका २०८० वैशाख १८ बाट दोहोरो आयात निर्यात खुलाइएको थियो । नाका बन्द भएको करिब आठ वर्षपछि शुक्रबारबाट मानिस पनि आवतजावत गर्न थालेका छन् । अब यो नाकाबाट दुवैतर्फ आगमनमा सहज हुनेछ । यसरी तातोपानी र केरुङमात्र अहिलेको अवस्थामा हेर्दा तुलनात्मक सक्रिय रहेकामा यी नाकाको सञ्चालनमा स्थायित्व प्रदान गर्दै अरु पनि केही नाका खुलाउनेतर्फ नेपाली पक्षको पहल हाम्रा लागि समृद्धिको आधार नै बन्नेछ ।

सन् २०१६ मा नेपाल र चीनबीच पारवहन सम्झौतासमेत भएको भयो । यो सम्झौतालाई चीनको भूमि भएरै नेपाल तेस्रो मुलुकमा प्रवेश गर्नसक्ने भनेर व्याख्या पनि गरिएको थियो । यो सम्झौताको प्रयोग व्यावसायिक वा व्यापारिक प्रयोजनमा हुन सकिरहेको छैन । आजसम्म सम्झौतामै सीमित यो सम्झौताबाट नेपालले के लाभ लिन सक्ला त ? यसतर्फ पनि प्रधानमन्त्रीको आसन्न चीन भ्रमणले सोच्नुपर्ने देखिन्छ ।

चीनसँग नेपालको व्यापार घाटा बढ्दै छ । गत आर्थिक वर्ष २०७९/८० मा नेपालले चीनबाट दुई खर्ब २२ अर्ब ७१ करोड रूपैयाँको आयात गरेको छ तर निर्यातको मात्रा भने भने टिठलाग्दो स्वरूपमा अर्थात् एक अर्ब ७६ करोड रूपैयाँमात्रै छ । संसारका उदीयमान शक्ति राष्ट्र भारत र चीनसँगै छ नेपालको व्यापार घाटा बढेको । तर हाम्रै छिमेकीको समृद्धिको समुद्रबाट हामीले कति पानी उभाउन सक्छौं ? यसबारेमा हामीले अब सोच्नुपर्छ । त्यसैले हामीले पनि व्यापार घाटा कम गर्ने उपाय खोज्ने काममा देशको राज्य संयन्त्रले प्रधानमन्त्रीलाई सुझाउनु आवश्यक छ ।

उता उत्तरी छिमेकीले कृषिउपजकै सहायता लिएर देशमा गरिबी घटाउने योजना सफल बनाउँदै छ तर यता हाम्रो कृषि उत्पादनको धरातल दिन प्रतिदिन भत्किँदै छ । हामी खाद्यान्नकै लागि पनि परनिर्भर हुँदै गएका छौं । त्यसैले पनि अब हाम्रो परम्परागत कृषि उत्पादनले हामीलाई थेग्नसक्ने अवस्था छैन । यसका लागि अब हामीले कृषि प्रणाली अत्याधुनिक र उत्पादकत्वमा मात्र आधारित बनाउनुपर्ने आवश्यकता छ । चिनियाँबाट उत्पादन प्रणालीको सहायताका लागि हामीले प्रस्ताव गर्नुपर्छ ।

पर्यटन छिमेकीसँग जोडिएको नेपालको अर्को महत्त्वपूर्ण चासो हो । उत्तर र दक्षिण छिमेकीको जनसंख्या साढे दुई अर्बभन्दा बढी छ तर हामी भने केही लाख पर्यटक खोज्न कता-कता भौतारिने गरेका छौं । यहीँबाट वर्षमा ५० लाखजति पर्यटक ल्याउन सक्दा हाम्रो समृद्धिको यात्रा धेरै छोटिने छ । सबैलाई यो थाहा त छ तर गर्ने कसरी ? यस्तै अन्योलले नै हाम्रो मुलुकका पर्यटनका सबै सम्भावना दिन प्रतिदिन खेर गइरहेका छन् ।

यता चिनियाँ सहयोग तथा संलग्नतामा पोखरा र लुम्बिनीमा अन्तर्राष्ट्रिय विमानस्थल तयार छन् । हामी त्यहाँबाट बाह्य मुलुकमा जहाज उडाउन सकेका छैनौं । यसका लागि पनि हाम्रा कूटनीतिक पहल अबका दिनमा थप दरिला हुनु आवश्यक छ । चीनको अधिकांश जनसंख्या लुम्बिनी आउन इच्छुक छ, यता विमानस्थल तयार पनि छ । ती विमानस्थलबाट जहाज उडाएर विश्वका बौद्धमार्गीसमक्ष यो खुसीको खबर पुऱ्याउन सकिएको छैन । नत यो खुसीको सञ्चार देशभित्रै देशव्यापी हुन सकेको छ । यसका लागि पनि सरकारको दरिलो कूटनीति आवश्यक छ र त्यसको सुरुआत आसन्न चीन भ्रमणबाट हुनसक्छ । त्यसैले प्रधानमन्त्रीको चीन भ्रमणमा पर्यटन पनि एक अत्यावश्यक एजेण्डा बन्नुपर्दछ ।

चीनको अधिकांश जनसंख्या लुम्बिनी आउन इच्छुक छ, यता विमानस्थल तयार पनि छ । ती विमानस्थलबाट जहाज उडाएर विश्वका बौद्धमार्गीसमक्ष यो खुसीको खबर पुऱ्याउन सकिएको छैन । नत यो खुसीको सञ्चार देशभित्रै देशव्यापी हुन सकेको छ । यसका लागि पनि सरकारको दरिलो कूटनीति आवश्यक छ र त्यसको सुरुआत आसन्न चीन भ्रमणबाट हुनसक्छ । त्यसैले प्रधानमन्त्रीको चीन भ्रमणमा पर्यटन पनि एक अत्यावश्यक एजेण्डा बन्नुपर्दछ ।

विश्वको लोकप्रिय लुम्बिनी र नेपालमा आएका पर्यटकमध्ये कम्तीमा पनि ४० प्रतिशत पुग्ने पोखराजस्तो पर्यटकीय गन्तव्यलाई यी दुई विमानस्थलमार्फत संसारसँग कसरी जोड्न सकिएला ? यस विषयको आवश्यक थाल्न अब ढिला भइसक्यो । नेपालको समृद्धि पर्यटन र बिजुली व्यापारमै छ । यसका लागि चिनियाँ लगानीकर्तालाई कागजी नीतिमा मात्र नभएर वास्तवमै र व्यावहारिकरूपमै आकर्षित गर्नु आवश्यक छ ।

नेपालको उत्तर र दक्षिण दुवैतर्फ विशाल बजार छ । ती बजारमा सानो हिस्सा ओगट्न पाए पनि नेपालको समृद्धिको ढोका खुल्छ । चीनलाई नेपालको बाटो हुँदै दक्षिण एसियाली बजारसम्म जोड्ने पुल हामी बन्न सक्यौं भने यसको लाभ हामीलाई पनि मिल्नेछ । चीनसँग नेपालले पाएका सुविधाको प्रयोगमा पनि यो भ्रमण केन्द्रित हुनु जरुरी छ । हामीले पाएका शून्य भन्सार सुविधाबमोजिमका वस्तुको आदानप्रदान हुन सकेको छैन । भन्सार सुविधा लिन नसक्नुका बाधा अड्चनबारे पनि अहिले नै छलफल हुनु जरुरी छ । यसका साथै चीनले छिमेकीका नाताले हालै नेपालको पुरानै नक्सा सार्वजनिक गरेकाले यस विषयमा पनि प्रधानमन्त्री दाहालको आसन्न भ्रमणमा स्पष्ट कुरा हुनु जरुरी छ । सीमा या अन्य यस्तै द्विपक्षीय कूटनीतिक विषय फैलिन नपाउँदै वार्ताको टेबलमा ल्याएर स्पष्ट गर्न सकिएन भने पछि अर्थपूर्ण नरहन पनि सक्छ । त्यसैले नेपालको कूटनीतिक संयन्त्र अहिले नै यसतर्फ सजग हुनु जरुरी छ । *रासस*




▶▶ वैकुण्ठ भण्डारी

# बालेनको आगो र झस्किएको सिंहदरबार

शनिबार मध्यरात एकाएक विश्वभरका नेपालीहरूले प्रयोग गर्ने सामाजिक सञ्जालमा भुसको आगोजस्तै राप एकाएक सल्कियो । कति खाने तरखरमा, कति सुत्ने तरखरमा थिए । यसो मोबाइलमा खोलेर चोरी औंलारे घिसार्दै गर्दा बजारमा आगो सल्किसकेको थियो । सिंहदरबारमा आगो बल्ने भो भनेर !

स्थानीय सरकारका प्रमुख बाऽलेनको आगोले सनसनी फैलिएको थियो । 'याद राख चोर सरकार' सरकारमा बस्नेहरू चोरै चोर भए । कसैले सुन चोरे, कसैले धन चोरे, कसैले देशको अस्तित्व नै चोरे । गाउँ चोरे, गाउँलेका मत चोरे । त्यही भएर चोर सरकार भनेपछि चोरलाई साथ दिनेहरू त रन्थनिने नै भए ।

'याद राख चोर सरकार' लाई छिनभरमा लाखौंले समर्थन जनाए । किन समर्थन जनाए । सरकार चोर भएर ? सरकारको काम चोर भएर ! के भएर ? किन त्यत्ति धेरै चोर औंलाहरूले ड्याम्म-ड्याम्म लाइक 'क्लिक' हान्दिए ! त्यसै चोर औंलाहरू मोबाइलका स्क्रिनमा मख्ख परे । विश्व नै सामाजिक सञ्चालमा दंग छ, त्यसैले होला 'याद राख चोर सरकार' मा सबै दंगदास देखिए ।

स्वदेश अनि विदेशमा बास बसेका सबैले क्या वात बाऽलेन, बल्ल थाहा पाए चोरहरूले ! भन्दिए । 'कुरा के हो पत्तै भएन पूरै धराने लिएर सिंहदरबार जलाउन आउँछु' भनेर अर्को सरकारका प्रमुखले ठोक्दिए । धरानेसहित सिंहदरबार जल्ने डरले रातभर दमकल कुदेको कुदचै ! सिंहदरबारमै आगो बल्ने भएपछि सिंहदरबारभित्र बस्ने चोरहरू झस्केर डरले थुरुरु ! बहत्तरको भुइँचालोले हल्लाएको जस्तो हल्लेको हल्यै । न झस्केर, नहल्लेर पनि के गर्नु, कुनबेला आगो बल्ने नै थाहा छैन । हिजो सिंहदरबार चलाएका बा र अहिले सहर हाँकेका लेनको मार्ग नै खुट्याउन गाह्रो छ । काठमाडौंको ट्राफिक बत्तीजस्तो ! कुनबेला रातो बत्ती बल्छ कुनबेला हरियो बत्ती थाहा नै नहुने ! ऊ बेला बाको कस्तो उखान आउने हो पत्तो हुँदैनथ्यो । अहिले बालेनको कस्तो टुक्का आउँछ थाहै हुँदैन । सबै तीन छक्क । बाले बोल्दा हाँसोको फोहोरा, बालेनले लेख्दा कमेण्ट र सेयरा ।

नहोस् पनि किन बालेनलाई जे सुकै होस्, बालै भएन । न त पार्टी चलाउन उठाउनुछ, न त कार्यकर्ता नै पाल्नुछ । जसरी हुन्छ जनताले उहिल्यैदेखि चोर भनेकालाई चोर नै हुन् भन्ने देखाउनुछ । ए बाऽबाऽ होइन मान्छेले किन बुझ्दैनन हो । स्वतन्त्र भन्या निर्दलीय हो । निर्दलीय भएपछि दलीयलाई त उछितो काट्नपऱ्यो नि ! निरंकुश भयो भन्छन् । यत्रा पढेलेखेका मान्छे बस्ने सहराँ निरंकुश हुन सक्नु पनि ठूलै कुरा हो नि । राम्रो गर्दा नि सुख छैन नराम्रो गर्दा पनि सुख छैन, गर्नेचाहिँ के हो के ?

त्यसमाथि पनि नेपालाँ त पर्चाकारिता फस्टाको छ । तँ यो दलेको म यो दलेको । त्यही दलेदले हुँदै गर्दा टचुवेले खेला खेल्दिएको छ । भाको नभाको चौपट्टै पार्दिन्छन् । कहाँको फोटो कहाँ लगेर हुल्दिन्छन्, अनि भन्छन् हेर्नु करामत ! त्यसका बाजे लोग्नेस्वास्नीको झगडा गराएर । सडकाँ उफारेर करामत हुन्छ ? करोडौं खर्च गरेर खोलेको टिभीमा देखाएको कुरा त सत्य हुँदैन अनि फेसबुकाँ लेख्या कुरा सत्य भनेर पत्याउने ? सिंहदरबारमा आगो लगाइदिन्छु पो भनेको त, लगाइहालेको त हैन नि ! त्यसमाथि पनि सिंहदरबारमा दिनदिनै आगो लाग्या छ देख्नुपर्दैन ?

कुन सांसद र कुन मन्त्री कुनबेला जेल जाने हो पत्तै नभए मनभित्र आगो बलिरहेको छ । कर्मचारीहरूलाई रातो घरले कुनेबेला च्याप्पै समातेर अनुहार हेर्नै नहुनेगरी ससुरालीमै पुऱ्याउने डरले मुटुभित्र आगो लागिरहेको छ । सिंहदरबारभित्र दिनदिनै पातपतिंगर बालेर आगो बलिरहेको छ । सिंहदरबारभित्र पहिले-पहिले रुखबाट झरेका पातहरू, फोहोरहरू त्यही बालिन्थ्यो । अब त्यो पातलाई र फोहोरलाई सिसडोलसम्म किन पुऱ्याउनु त्यही आगो बाल्न पो खोज्या हो कि ?

बा अर्थात् पिता लेन भनेको बाटो । अनि स्थानीय सरकारको पिताले देखाएको बाटो खुरुखुरु नहिँडेर खोल्सा-खोल्सी ताकेर हुन्छ । सही बाटो पो हिँड्नुपऱ्यो नि ! ऊ बेला मटचांग्रा हजुरबाले भन्थे, 'तँ हेर म हेर, ठाउँ हेर बेला हेर' । त्यही हेरेर पो कुरा गर्नुपर्छ त । कस्तो ठाउँमा कुन समयमा कोसँग बोलेको छ भन्ने कुरा हेक्का त राख्नुपऱ्यो नि ! त्यत्तिकै थरऽर रऽररऽ काँप्नुपर्छ र ? सिंहदरबार त आफैं गर्जिने सिंह पो हो त । सयौं वर्षदेखि गर्जेको गर्ज्यै छ । सिंहदरबार त गर्जिनेमात्र हो । अरु कुरा त 'न्याय नपाए गार्खा जानु' त्यसै भनेको छैन ।

सिंहदरबारले न्याय दिँदैन । त्यही न्याय नदिएकै भएर जनता जनार्दनले पनि निर्दलीयलाई भोट दिएका । सेना पुलिसको घेराभित्र बसेर सिंह गर्जिएजस्तै गर्जिनेमात्र हो, सिंहदरबार । त्यही भएर हजुरबाले पनि चोर बस्ने ठाउँ भन्थे, बाले पनि चोरहरू बस्ने ठाउँ भने छोराको त के कुरा गर्नु नातीले समेत चोर बस्ने ठाउँ भन्न थाल्या छ । हो गर्जिने भनेकै चोर हो । त्यही भएर एउटा सरकारले अर्को सरकारलाई चोर भन्न नपाउने ! सर्पले पो सर्पको खुट्टा देख्छ । त्यसमाथि पनि ३० सालमा आगो लगाएकै हो नि त सिंहदरबारमा ! पाल्पा दरबार पनि आगै लगाको हो ।

३० सालमा सिंहदरबारमा आगो लगाको, ६० तिर पाल्पा दरबारमा आगो लगाको । अनि पाल्पामा आगो लगाउने मान्छे नै सिंहदरबारमा गर्जेको बेला ८० सालमा फेरि सिंहदरबारमा आगो लगाउछु भन्न नपाउने ! यति भन्दा किन झस्किनु हो सिंहदरबार । कठै सिंहदरबार १६ महिनादेखि झस्केको झस्क्यै छ । अब यसरी झस्किरहेपछि त सातो गाको हुनसक्छ ! त्यो सातो हटाउनका लागि सिंहदरबारमा आगो लगाएर खली ख्वाउने पो भनेको । खरानी बनाउने कहाँ भन्या हो र !

'कस्ता-कस्ता आए, गुलेली खेलाए, मटचांग्रा सत्यानाश !'

# सानीभेरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**सिम्ली, रुकुम (पश्चिम)**

**कर्णाली प्रदेश, नेपाल**

## सानीभेरी गाउँपालिका अन्तर्गत नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन् तथा बिक्री सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको सूचना !

**पहिलो पटक प्रकाशित मिति : २०८०/०५/१९ गते**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) एवं सानीभेरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०/०५/०८ गतेको निर्णय वमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि यस कार्यालयले तोकेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुनेगरी सानीभेरी गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने देहायका शीर्षकमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले सो को लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी दरभाउ पत्र लिन चाहने व्यक्ति, फर्म वा कम्पनीबाट निम्नलिखित शर्तहरूको अधिनमा रही आफ्नो फर्ममा नवीकरण भएको प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, नियमानुसारको कर चुक्ता प्रमाणपत्र, नविकरणको प्रतिलिपी पेश गरी रितपूर्वकको सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ। अन्य थप जानकारीका लागि कार्यालय समयभित्र सानीभेरी गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ वा https://sanibherimun.gov.np मा हेर्न सकिनेछ।

| ठेक्का नं. | सिलबन्दी दरभाउ पत्र को नाम | उत्खनन परिमाण (घन फिट) | न्यूनतम अंक (VAT बाहेक) | सिलबन्दी दरभाउ पत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| 02/SQ/SRM/080/081 | चाइनाबगर देखि बाहुनीखेत खण्ड वडा नं.१ | ५,००,००० | १०,००,००० | रु. १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 03/SQ/SRM/080/081 | सिस्नेखोलादेखि स्यालेबगर खण्ड वडा नं.२ | ३,००,००० | ५,००,००० | रु. १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 04/SQ/SRM/080/081 | वेल्टापुदेखि प्रियतरा मैतुलोटे खण्ड वडा नं.३ | ५,००,००० | १०,००,००० | रु. १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 05/SQ/SRM/080/081 | नायखोलादेखि रिम्ना दोभान खण्ड वडा नं.४ | ३,००,००० | १५,००,००० | रु. १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 06/SQ/SRM/080/081 | स्यालेबगरदेखि छोटेबगर वडा नं.७ | २,००,००० | ५,००,००० | रु. १०००/- | कबोल अंकको ५ प्रतिशत |
| 07/SQ/SRM/080/081 | हासिबाङदेखि सिम्लीखोला खण्ड वडा नं.९ | ६,००,००० | १८,००,००० | रु. १०००/- | कबोल अंकको ५ प्रतिशत |

### सिलबन्दी दरभाउ सम्बन्धी सर्तहरू

१. सिलबन्दी दरभाउ पत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको प्राविधिक शाखाबाट खरिद गर्न सकिनेछ र फाराम दस्तुर लक्ष्मी सनराइज बैंक सानीभेरी शाखाको आन्तरिक राजश्व खाता नम्बर ०७७०५३०७८७७०३००९ जम्मा गरेको बैंक सक्कल भौचर पेश गर्नु पर्नेछ। नियमानुसार दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्रहरू १६ औं दिन दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउ पत्र दर्ता र सोही दिन १:०० बजे यस कार्यालयमा सिलबन्दी दरभाउ पत्र दाताको रोहबरमा खोलिनेछ। सिलबन्दी दरभाउ पत्र दाताहरू उपस्थित नभए पनि सिलबन्दी दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन।

२. यस कार्यालयबाट प्रमाणित भएका सिलबन्दी दरभाउ पत्र फारामहरू सिलबन्दी दरभाउ पत्र दाता स्वयम् वा रितपूर्वक लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ।

३. सिलबन्दी दरभाउ पत्र फारम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरूले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि करको प्रमाणपत्र तथा नियमानुसारको कर चुक्ता प्रमाणपत्र तथा नविकरणको प्रतिलिपी पेश गर्नुपर्नेछ। व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र सिलबन्दी दरभाउ पत्र दस्तुर वापत नगद तिरेको रसिद वा बैंक जम्मा भौचर पेश गर्नुपर्नेछ।

४. सिलबन्दी दरभाउ पत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्टसँग लेखी कम्तीमा ५% प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको सानीभेरी शाखाको लक्ष्मी सनराइज बैंकमा रहेको खाता नम्बर ०७७०५३०७८७७०३००४ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यताप्राप्त बैंकले यस कार्यालयको नाममा सोहि रकम बराबरको कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत पत्र शिलबन्दी बोलपत्रका साथ पेश गर्नुपर्नेछ। कबोल गरेको रकम अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

५. यसपूर्व यस कार्यालयबाट कुनै पनि ठेक्का लिएर रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको सिलबन्दी दरभाउ पत्रलाई मान्यता दिइने छैन। तर सिलबन्दी दरभाउ पत्र पेश गर्नु भन्दा अगावै फरफारक गरेमा सिलबन्दी दरभाउ पत्र पेश गर्न कुनै बाधा पर्ने छैन।

६. ठेकेदारले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँकार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ। कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

७. ठेकेदारले सम्झौता पत्रमा तोकिएका बस्तुहरूमा मात्र तोकिए बमोजिमको दरमा कर सङ्कलन गर्नुपर्नेछ। सो भन्दा बढी मालबस्तु वा दररेटमा उठाउन पाइने छैन। पट्टा पुर्जीमा तोकिएको दर तथा तोकिएको सामाग्री भन्दा फरक हुने गरी सङ्कलन गरेमा नियमानुसार कारबाही गरिनेछ।

८. गाउँकार्यपालिकाले तोकेको कर सङ्कलन गर्ने रसिदहरू ठेकेदारले आफ्नो तर्फबाट छपाइ सो रसिदहरू यस कार्यालयका कार्यालय प्रमुखबाट प्रमाणित गरी प्रयोग गर्नुपर्ने छ। प्रमाणित नगरी प्रयोग गरिएका रसिदहरूबाट कुनै समस्या आइपरेमा गाउँ कार्यपालिकाको कार्यालय जवाफदेही हुने छैन।

९. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाइने छैन।

१०. ठेकेदारले गाउँपालिकाको राजश्व सङ्कलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजश्व सङ्कलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाएर मात्र सङ्कलन कार्य गराउनु पर्नेछ।

११. गाउँकार्यपालिकासँग ठेक्का सम्झौता गरेको ठेकेदारले IEE नभएको स्थानबाट ढुँगा, गिट्टी, बालुवा र ग्राभेल सङ्कलन उत्खनन गरेको देखेमा सो ढुवानी साधनलाई नजिकको प्रशासनिक निकाय (सुरक्षा तथा वन कार्यालय) हरूको सहयोग लिई आवश्यक कारबाही गर्नुपर्ने छ। साथै त्यस्तो अवैधानिक कार्यमा रोक लगाउन सहयोग गर्नु सबैको कर्तव्य हुनेछ।

१२. ठेकेदारले भिजेको चिसो बालुवाबाट पानी बगी बाटो विगार्ने भएकोले चिसो बालुवा ढुवानीमा रोक लगाउनु पर्नेछ। ढुंगा गिटी बालुवा ग्रावेल, छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्ने छ।

१३. सिलबन्दी दरभाउ पत्र स्वीकृत भइसकेपछि सिलबन्दी दरभाउ पत्र दाताले मान्यताप्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०८१ श्रावण मसान्त सम्म म्याद भएको रितपूर्वकको जमानी पत्र (Performance Bond) पेश गर्नु पर्नेछ।

१४. स्वीकृत ठेक्का अंकलाई दुई चरणमा विभाजन गरिएको छ। पहिलो किस्ता ६० प्रतिशत र अन्तिम किस्ता ४० प्रतिशतमध्ये पहिलो किस्ता ६० प्रतिशत सम्झौताको बखत नगद दाखिला गरी र बाँकी ४० प्रतिशतको हकमा जमानत बापत् नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट मान्य हुने बैंक ग्यारेन्टी (Performance Bond) पेश गर्नुपर्नेछ ४० प्रतिशत रकमको किस्ता सम्झौता समयभित्र दाखिला गर्नुपर्ने छ।

१५. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनका लागि लोडर, डोजर, एक्साभेटर, जेसिवि र ६ चक्के टायर भएका हेवि इक्विप्मेन्ट प्रयोग गर्न मिल्ने छैन।

१६. ढुंगा, गिट्टी, बालुवा लगायत अन्य प्राकृतिक स्रोत साधनको उत्खनन तथा सङ्कलन कार्य बेलुका सूर्यास्तदेखि बिहान सूर्योदयसम्म गर्न पाइने छैन।

१७. प्राकृतिक स्रोत साधनको उपयोग तथा बिक्री वितरण सङ्कलन गर्ने प्रयोजनका लागि गाउँकार्यपालिका कार्यालयले आवश्यकता अनुसार डिपो निर्धारण गर्न सक्नेछ। साथै स्थानीय तहबाट निकासी गरी नदीजन्य पदार्थको निकासी कर सम्बन्धित डिपोमा बुझाउनु पर्नेछ।

१८. उत्खनन् गरिएको नदीजन्य पदार्थ खोलाको किनार वा सार्वजनिक स्थलमा घाटगद्धि गर्न पाइने छैन। त्यसका लागि सिलबन्दी दरभाउ पत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नुपर्नेछ।

१९. कुनै पनि बन्द, हडताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाइने छैन। नदिजन्य पदार्थ उत्खनन सङ्कलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा सिलबन्दी दरभाउ पत्र दाताले व्यवस्थापन गर्नुपर्नेछ।

२०. माथि उल्लेखित शर्तहरू उल्लंघन गरेमा वा तोकिएको किस्ता म्यादभित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट असुलउपर गर्ने गरी कानुनी प्रक्रिया अपनाइने छ। साथै असुल गर्न बाँकी रकममा १०% प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

२१. सम्झौताका समयमा एकमुष्ठ रकम जम्मा गर्ने फर्म/संस्था/व्यक्तिलाई ५% प्रतिशत छुट दिइने छ।

२२. अन्य कुराहरू ढंगा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ ले गरेको व्यवस्था अनुसार हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**
**सानीभेरी गाउँपालिका**

## देव साहनीको 'सुको छैन गोजीमा' सार्वजनिक

गायक तथा संगीतकार देवबहादुर साहनीले तीज गीत 'सुको छैन गोजीमा' सार्वजनिक गरेका छन् । उक्त गीतमा देवबहादुर साहनीलाई स्वरमा साथ दिएका छन् बालगायक सुप्रिम मल्ल ठकुरीले । सुको छैन गोजीमा शब्द सृजना र संगीत पनि देवबहादुरकै छ । नेपाली नारीहरूको महान पर्व हरितालिका तीजलाई लक्षित गरेर उनले सो गीत बजारमा ल्याएका हुन् । उक्त गीतको भिडियोलाई दीपक अधिकारीले निर्देशन गरेका छन् भने राज पोखेलले छायांकन गरेका छन् । उक्त गीतको भिडियोमा देवबहादुर सहनी, हिमान्सी अधिकारी र हिमान्सु अधिकारीको अभिनय रहेको छ ।



# 'नांगो गाउँले नागरिकको दायित्व सम्झाउँछ



■ प्रभाव संवाददाता

**काठमाडौं–** अचेल राजनीतिक कथावस्तुमा फिल्म धेरै निर्माण हुन थालेका छन् । कथा राजनीतिक दाउपेच भएपनि क्लाइमेक्स प्रश्न राजनीतिक दल तथा क्रियाकलाप माथिका उठाउने गरिएको छ । निर्देशक दीपेन्द्र लामाले आफ्नो फिल्म 'नांगो गाउँ'को विषयववस्तु राजनीति भएपनि कथाको उठान र अवतरण फरक भएको बताए ।

'राजनीतिक बिषयमा बनेका अधिकांश फिल्मले नेतालाई बिभिन्न प्रश्न राख्छ', लामाले भने, 'नांगो गाउँ' ले भने नेतालाई होइन, नेता चुन्ने जनतालाई प्रश्न गर्छ ।'

'हामी बिग्रिएको दोष सबै नेताहरूको टाउकोमा थुपार्छौं । त्यो हुनुमा जनता कति दोषी । त्यस्तो नेता चुन्ने जनताको दोष के-केमा छ त्यो देखाउँछ', लामाले थपे, 'राजनीतिक बिषयबस्तु भएपनि फिल्म भने पूर्ण कमर्सियल छ ।' फिल्म दर्शकले पैसा तिरेर हेर्ने भएकोले त्यो पैसा पुरै असुल हुने हिसाबले निर्माण भएको उनले सुनाए ।

लामाले यस अगाडिको फिल्म 'छ माया छपक्कै' मा पनि राजनीति बिषयबस्तु उठाएका थिए । खानेपानीलाई लिएर दुई गाउँबीच हुने राजनीति देखाएको फिल्म राजनीतिको बिषयमा अनेक प्रश्न गरिएको थियो । योपटक पनि उनले राजनीतिका कारण गाउँका बस्ती पातलिँदै गएको विषय प्रस्तुत गरेको ट्रेलरबाट अनुमान गर्न सकिन्छ ।

के राजनीतिमा प्रति तपाइँको चासो हो ? प्रश्न राख्न नपाउँदै दीपेन्द्रले उत्तर दिए, 'राजनीति चासो नभएपनि हरेक पटकको राजनीतिमा क्रियाकलापमा सहभागी हुँदै आएको छु । देश, समाज बिग्रिएको हामीले असल नेता चुन्न नसकेर हो । फिल्ममार्फत असल नेता चयन गर्ने नागरिकको दायित्व सम्झाएको छु ।' नांगो गाउँलाई राजनीतिक विम्बात्मक रूपमा आफूले पेश गरेको उनले सुनाए ।

'नांगो गाउँ' अगामी २९ भदौबाट देशभर सार्वजनिक प्रदर्शनमा आउँदैछ । दयाहाङ राई, मिरुना मगर, शिशिर वाङ्देल, कर्मा, साम्राज्ञी राज्यलक्ष्मी शाह, मिरुना मगर, बुद्दि तामाङ, रविन्द्र झा, विशाल पहारी, राज थापा, कमलमणि नेपाल, अंकित खड्का, पुष्कर गुरुङ लगायतका कलाकारको फिल्ममा अभिनय छ । लेखन समेत निर्देशक दीपेन्द्रको रहेको फिल्म हिमाल शर्माको प्रस्तुतिमा जय श्रेष्ठले निर्माण गरेका हुन् । फिल्मको कार्यकारी निर्माता रामहरि श्रेष्ठ रहेका छन् ।

## 'डिग्री माइला'मा
# आँचल

■ प्रभाव संवाददाता

**काठमाडौं–** रामबाबु गुरुङले निर्देशन गर्न लागेको फिल्म 'डिग्री माइलाः एमए थर्ड क्लास'मा अभिनेत्री आँचल शर्मा अनुबन्धित भएकी छन् । निर्देशक गुरुङले फिल्ममा आँचललाई दयाहाङ राईको जोडीको रूपमा लिन लागेको बताए । फिल्ममा आँचल भित्रिएसँगै कलाकार छनौट सकिएको छ । फिल्ममा दयाहाङ र आँचलको अलवा माओत्से गुरुङ, पुष्कर गुरुङ, विजय बराल, बुद्धि तामाङ र प्रकाश घिमिरेको अभिनय रहनेछ ।

फिल्म 'डिग्री माइला' नाटकमा आधारित रहेर निर्माण हुन लागेको हो । शैक्षिक बेरोजगारलाई व्यंग्य फिल्मले गर्छ । फिल्मको छायाङ्कन दुई चरणमा हुने भएको छ । पहिलो चरणको छायाङ्कन असोज १ गतेदेखि दोस्रो चरणको छायाङ्कन मङ्सिर १ गतेदेखि सुरु हुने बताइन्छ । फिल्मलाई २०८१ सालको वैशाख १ गते रिलिज गर्ने बाँसुरी फिल्मस्ले जनाएको छ । 'डिग्री माइला'पछि निर्देशक रामबाबु 'कबड्डी ५'को निर्देशनमा जुट्नेछन् ।



# नयाँ वर्षमा दर्शकलाई रेखाको 'खखर'

■ प्रभाव संवाददाता

**काठमाडौं–** रेखा थापाको निर्माण र ज्ञानेन्द्र देउजाको निर्देशन रहेको फिल्म 'उपहार' आगामी नयाँ बर्षमा रिलिज हुने भएको छ । निर्देशक देउजाले फिल्म २०८१ को छेको पारेर रिलिज हुने जानकारी दिए ।

केही अगाडि पशुपतिनाथ मन्दिरमा शुभमुहूर्त गर्दै छायांकन सुरु भएको फिल्मको अहिले काठमाडौंका बिभिन्न स्थानमा छायांकन जारी छ । रेखा फिल्मस् र कपनगढी ब्यानरले संयुक्त रूपमा निर्माण गर्न लागेको फिल्म ४० दिनको सेड्युल सहित फ्लोरमा निस्किएको हो ।

फिल्ममा रेखा थापा, बेनिशा हमाल, पूजा शर्मा, मुकुन भुसाल, तेज गिरी, समर्पणजंग कार्की, शिशिर राना, अंशु थापा लगायतका कलाकारको अभिनय रहेनछ । अर्जुन पोखरेल र बाबुल गिरीको संगीत, कविराज गहतराजको नृत्य, विष्णु कल्पितको छायांकन र रोशन श्रेष्ठको एक्सन रहने फिल्ममा देव गुरुङको सम्पादन छ । फिल्मको बितरण जिम्मा उपत्यका भित्र रिच इन्टरटेनमेन्ट र उपत्यका बाहिर एफडि कम्पनीले गर्दैछ ।



**आइसिसी महिला टी-२० विश्वकप छनोट**

# नेपाल सेमिफाइनलमा

## कतारविरूद्ध शानदार जितसँगै एक खेल अघि नै सेमिफाइनल प्रवेश

**काठमाडौं (प्रस)–** नेपाल आइसिसी महिला टि २० विश्वकप एसिया क्षेत्र छनोट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । मलेसियाको बांगीमा सोमबार भएको खेलमा कतारलाई ९ विकेटले पराजित गर्दै एक खेलअघि नै नेपाल सेमिफाइनलमा प्रवेश गरेको हो ।

लगातार चौथो जित निकालेर सेमिफाइनल यात्रा सुरक्षित गरेको समूह ए बाट नेपालले मलेसियालाई पाँच रन, बहराइनलाई १० विकेट र भुटानलाई तीन विकेटले पराजित गरेको हो । सोमबार भएको खेलमा कतारले जितको लागि दिएको ७५ रनको सामान्य लक्ष्य नेपालले १० दशमलव ३ ओभरमा १ विकेट गुमाउँदै पूरा गऱ्यो ।



नेपालको जितमा काजल श्रेष्ठले २८ बलमा ४ चौकाको मद्दतमा सर्वाधिक ३२ रनको योगदान दिइन् । त्यस्तै इन्दु बर्मा १२ बलमा ३ चौकासहित २० रन र सीता रानामगर २३ बलमा १७ रनमा अविजित रहे । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको कतारले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ७४ रन जोडेको थियो ।

नेपालका लागि इन्दु बर्माले ३ विकेट लिइन् भने पूजा महतो र कविता जोशीले समान एक विकेट लिए । नेपालले समूह चरणको अन्तिम खेल बुधबार युएईसँग खेल्नेछ ।

## श्रीकृष्ण कपमा पाँच खेल सम्पन्न

**सिन्धुपाल्चोक (प्रस) –** चौतारा फुटबल क्लबको आयोजना सोमबार (आज) बाट सुरु भएको पहिलो संस्करणको सेभेन ए साइड श्रीकृष्ण कप नकआउट फुटबलमा पाँच खेल सम्पन्न भएको छ । उद्घाटन खेलमा क्रेटिभ युथ क्लबले सहिद स्मृति युथ क्लबलाई १-० गोलले हराएको थियो। दोस्रो खेलमा सुकेटेबीच गाइज्जले भिमेश्वर युथ क्लबलाई २-० गोलले पराजित गऱ्यो ।

